# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, पुस ६ गते २०३२ साल [ पूर्वातिरिक्ताङ्क ४३ + (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट देहायमा लेखिएका विषयमा देहायमा लेखिएबमोजिम गर्ने गरी संशोधन गरी बक्सेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री ५ महाराजाधिराजको २८ सौं शुभ–जन्मोत्सवको उपलक्ष्यमा विभूषण र आदरपत्र पाउनेहरू विषय प्रमुख सचिवालय राजदरबारको खण्ड २२ मिति ०२९।६।१४ अतिरिक्ताङ्क ४३ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको आदरपत्र महल अन्तर्गत महाकाली अन्चलको क्रम संख्या ५५ (घ) मा प्रधानपञ्च श्री चन्द्रदेव भट्ट, भुजेला गा. पं. कन्चनपुरको सट्टा प्रधानपञ्च श्री चन्द्रदेव जोशी, भुजेला गा. पं. कन्चनपुर क्रम संख्या ५६ (ङ) मा श्री भगत्चन्द्र ठकुरी, तितारा, कन्चनपुरको सट्टा श्री भगनचन तिनतारा, भुजेला गा. पं. कन्चनपुर गर्ने ।

२. श्री ५ महाराजाधिराजको २९ सौं शुभ–जन्मोत्सवको उपलक्ष्यमा विभूषण र आदरपत्र पाउनेहरू विषय प्रमुख सचिवालय राजदरबारको खण्ड २३ मिति ०३०।६।१४ अतिरिक्ताङ्क ५९ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको मो. प. मा. तेस्रा महल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत क्रमसंख्या ५ मा कन्जरभेटर श्री नरेन्द्रबहादुर बस्नेत, बीरगन्ज प्रधान वन कार्यालयको सट्टा कन्जरभेटर श्री नगेन्द्रबहादुर बस्नेत, बीरगन्ज प्रधान वन कार्यालय, गो. द. बा. चौथा महल अन्तर्गत क्रमसंख्या ६ मा का. मु. निर्देशक श्री माधवराज शर्मा, उद्योग विभागको सट्टा का. मु. निर्देशक श्री माधवराज भण्डारी, उद्योग विभाग, सोही महलको क्रमसंख्या ५४ मा अधिकृत कविराज श्री किरणप्रसाद ढुंगेल, स्वास्थ्य मन्त्रालयको सट्टा अधिकृत कविराज श्री किरणप्रसाद ढुंगाना, स्वास्थ्य मन्त्रालय, आदरपत्र महल अन्तर्गत क्रमसंख्या १७ मा श्री महेश्वर शाक्य, सम्पादक, हिमाली हुलाक, साप्ताहिकको सट्टा परमेश्वर शाक्य, सम्पादक, हिमाली हुलाक, साप्ताहिक र सोही महल अन्तर्गत क्रमसंख्या २२ मा जिल्ला सभा सदस्य श्री देवबहादुर भट्ट, नवलपरासीको सट्टा जिल्ला सभासद श्री वेदबहादुर भट्ट, नवलपरासी गर्ने, र

३. श्री ५ महाराजाधिराजको पश्चिमाञ्चल सवारी भ्रमणमा विभूषण, आदरपत्र तथा नगद पुरस्कार पाउनेहरू विषय प्रमुख सचिवालय राजदरबारको खण्ड २३ मिति ०३०।१०।२६ अतिरिक्तांक ६८ (ख) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको क्रमसंख्या ४ मा श्री मोहनकुमार श्रेष्ठ, प्रधानपञ्च सुनवल आदर्श गा. पं. नवलपरासीको सट्टा प्रधानपञ्च श्री मनोहरकुमार श्रेष्ठ, सुनवल आदर्श गा. पं. नवलपरासी गर्ने ।

हुकुमबक्सेबमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मदन पुरस्कार पुस्तकालय

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४६०